स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ उपदफा (४) (क) (६) बमोजिम

राजपुर गाउँपालिका अध्यक्ष श्री सरद कुमार बढाथोकीबाट

प्रधानाध्यापक नियुक्ति सम्बन्धमा भएको निर्देशन

श्री प्रमुख प्रशासकीय अधिकृत मार्फत

श्री शिक्षा युवा तथा खेलकुद शाखा

विषयः निर्देशन कार्यान्वयन सम्बन्धमा ।

मिति: २०८१।०४।३१

नेपालको संविधान २०७२ को अनुसूची ८ को बुँदा नं. ८ मा आधारभूत तथा माध्यामिक शिक्षा को अधिकार स्थानीय तहको भनी उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा,अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने विषय उल्लेख भएकोले यस राजपुर गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी व्यवस्था देहाय अनुसार हुने छ ।

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२) शिक्षा नियमावली २०५९(संशोधन सहित)को नियम ९३ को निर्देशन २ बमोजिमको योग्यता भएको शिक्षकलाई सोही नियमको प्रावधानको अधिनमा रही प्रधानाध्यापक पदमा नियुक्तिका आवश्यक कागजात सहित गाउँपालिकामा लेखी पठाउनु पर्ने छ । यसरी लेखी आएमा गाउँपालिकाले सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति गर्ने छ ।

३) निर्देशन नं. (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले तोकिए बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव 'लिई सोही आधारमा शिक्षा अधिकृतसँग पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

४) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन । कार्यसम्पादन स्तर सन्तोष जनक भएमा गाउँपालिकाले करार अवधि नवीकरण गर्न सक्ने छ ।

५) निर्देशन नं. (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई गाउँपालिकाले जुनसुकै बखत हटाउन सक्नेछः

क) निजको आचरण खराब रहेमा,

अध्यक्ष
शरद कुमार बुढाथोकी

ख) ऐन तथा प्रचलित शिक्षा नियमावली विपरीतको कुनै काम गरेमा,

ग) निज़ले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

घ) विद्यालयको चलअचल सम्पत्ति हिनामिना गरेमा

ङ) गाउँपालिकाको निर्देशनको पटक पटक उल्लंघन गरेमा

६) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई निर्देशन नं. (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिने छ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन गाउँपालिका समक्ष राय सहित पेश गर्नु पर्ने छ ।

७) निर्देशन नं. (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो निर्देशन बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८) बहालवाला शिक्षक मध्ये बाट छनौट भएको प्रधानाध्यापकलाई निर्देशन (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कारबाही समेत गरिने छ ।

९) सामुदायिक विद्यालयको प्रधानाध्यापक बिदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभए सम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकलाई व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्ने छ । नियम बमोजिम व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक नतोकेमा वा विद्यालय व्यवस्थापन समिति नियमानुसार नरहेमा अर्को व्यवस्था नभए सम्मको अवधिको लागि गाउँपालिकाले निमित्त प्रधानाध्यापक तोक्न सक्ने छ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

ग) खण्ड (क) र (ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

घ) खण्ड (क), (ख) र (ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमतामूल्यांकन, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशःकार्य क्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइने छ ।

अध्यक्ष
शरद कुमार बुढाथोकी

१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्ने छ ।

११) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक निर्देशन (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभए सम्म त्यस्तो पदमा कायमै रहन सक्ने छ ।

१२) कुनै विद्यालयमा स्वीकृत दरबन्दी नभई सम्बन्धित तहको स्थायी शिक्षक नभएको अवस्थामा गाउँपालिका भित्रका अन्य विद्यालयका माथि उल्लेख भए बमोजिम प्रधानाध्यापक पदका लागि योग्यता पुगेका कुनै शिक्षकलाई प्रधानाध्यापकको रुपमा काम काज गर्ने गरी खटाउन सक्ने छ । यसरी खटाउँदा निज शिक्षक कार्यरत रहेको विद्यालयमा करार शिक्षक व्यवस्थाका लागि अनुदान उपलब्ध गराउन सकिने र निज शिक्षक फर्की आएमा थप अनुदान पनि कट्टी हुने छ ।

१३) विविधः क) निर्देशन भएपश्चात यो निर्देशन तुरुन्त लागु हुनेछ ।

ख) कार्यपालिकाले नयाँ मापदण्ड बनाई लागु गरेपश्चात यो निर्देशन खारेज हुनेछ ।

ग) "गाउँपालिकाले" भन्नाले गाउँ कार्यपालिका वा गाउँ शिक्षा समिति वा अध्यक्षको निर्देशन बमोजिम गाउँपालिकाबाट सम्पादन भएको कार्य लाई बुझाउनेछ ।

अध्यक्ष
शरद कुमार बुढाथोकी